## देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

मिति २०७८/११/२० वैठक संख्याः ८५

आज मिति २०७८/११/२० गते दिनको ११:०० बजे यस देवघाट गाउँपालिकाका अध्यक्ष श्री दुर्ग बहादुर थापाको ज्युको अध्यक्षतामा देवघाट गाउँ कार्यपालिकाको वैठक बसी देहायका प्रस्तावहरु माथि छलफल गरी देहायका निर्णयहरु गरियो ।

**उपस्थितीः**

| | नामथर | पद |
|---|---|---|
| १) | श्री दुर्ग बहादुर थापा | गा.पा. अध्यक्ष |
| २) | श्री बिमला थापा | गा.पा. उपाध्यक्ष |
| ३) | श्री रमेश सुवेदी | सचिव (प्रमुख प्रशासकिय अधिकृत) |
| ४) | श्री भिम बहादुर गुरुङ | १ नं. वडाध्यक्ष |
| ५) | श्री पोल बहादुर आले | २ नं. वडाध्यक्ष |
| ६) | श्री पदम बहादुर गुरुङ | ४ नं. वडाध्यक्ष |
| ७) | श्री याल बहादुर गुरुङ | ५ नं. वडाध्यक्ष |
| ८) | श्री चन्द्र प्रकाश वि.क. | गा.का.पा. सदस्य |
| ९) | श्री रत्न बहादुर बोटे | गा.का.पा. सदस्य |
| १०) | श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| ११) | श्री भोगी माया राना | गा.का.पा. सदस्य |
| १२) | श्री अनिता गुरुङ | गा.का.पा. सदस्य |
| १३) | श्री यम माया गुरुङ | गा.का.पा. सदस्य |

**कर्मचारी उपस्थितीः**

श्री गोविन्द प्रसाद पौडेल (अधिकृत)

## देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

**मितिः २०७८/११/२०** **वैठक संख्या ८५**

**प्रस्तावहरुः**

१. समिक्षा: (पुनर्निर्माण कार्यक्रम लाभग्राहीको संख्या, किस्ता सम्बन्धि प्रगति)
२. योजना अनुगमन तथा फरफारक सम्बन्धमा ।
३. श्रद्धाञ्जली सम्बन्धमा ।
४. ३ नं. वडाको का.वा. वडा अध्यक्ष सम्बन्धमा ।
५. सुरक्षित नागरिक आवास कार्यक्रम सम्बन्धमा ।
६. सडकमा चल्ने यात्रुवाहक गाडीको भाडादर सम्बन्धमा ।
७. वडा नं. ३ का स्व. कृतिमान आलेलाई राहत सम्बन्धमा ।
८. सडक बत्ती सम्बन्धमा ।
९. गाईघाट सिंच्याङ्ग सडक खण्डमा ग्याबियन जाली राख्ने सम्बन्धमा ।
१०. छात्रवृत्ति सम्बन्धमा ।

**निर्णयहरुः**

१. यस अघिको वैठकको निर्णय कार्यान्वयनको प्रगति र पुन निर्माण कार्यक्रम लाभग्राहीको संख्या, किस्ता रकम बुझेको प्रगतिको समीक्षा गरियो । जसमा जम्मा लाभग्राही संख्या: ६६१
प्रथम किस्ता बुझेको लाभग्राही संख्या: ६३३
दोस्रो किस्ता बुझेको लाभग्राही संख्या: ५५०
तेस्रो किस्ता बुझेको लाभग्राही संख्या: ५४५ भएको पाइयो ।

२. चालु आ.व. मा गाउँपालिका स्तरीय अनुगमन समितिका संयोजक उपाध्यक्ष श्री विमला थापाबाट प्रस्तुत प्रतिवेदन माथि छलफल गरियो । अनुगमन कार्य सन्तोषजनक भएको पाइयो । साथै मर्मत शिर्षकबाट तपसिल अनुसारको रकम खर्च भएको र गर्ने निर्णय गरियो ।

**तपसिल:**

| क्र.सं. | योजनाको नाम | वडा नं. | रकम (रु.) | कैफियत |
|---|---|---|---|---|
| १ | वडा नं. १ का भित्री बाटोहरु मर्मत | १ | २२७,२९४.९१ | |
| २ | शालीग्राम करिडोर मोटर मार्ग मर्मत | ५, १, २ | २६९,३२६.०५ | |
| ३ | वडा नं. ४ एकमुष्ट बाटो मर्मत | ४ | ४७२,३६७.५५ | |
| ४ | वडा नं. ३ का एकमुष्ट बाटो मर्मत | ३ | ४७०,१५७.६९ | |
| ५ | वडा नं. २ का एकमुष्ट बाटो मर्मत | २ | ४६३,६५८.८२ | |
| ६ | देउपुर देखी देउती खोला जाने बाटो मर्मत | ५ | ४५८,०७२.२२ | |
| ७ | सालिग्राम करिडोर देउपुर क्वादीखोला खण्ड मर्मत | १ | ९६,०७९.१७ | |

दुर्गा बहादुर थापा
अध्यक्ष

रमेश द्विवेदी
प्रमुख प्रशासकीय अधिकृत

३. वडा नं. ३ का वडाध्यक्ष कृतिमान आलेको मिति २०७८/११/१२ गते राती वडा कार्यालयबाट आफ्नो घर जाने क्रममा भीरबाट लडेर मृत्यु भएको आज नवौं दिनमा निज स्व. कृतिमान आलेप्रति भावपूर्ण हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै परिवारजनमा समवेदना प्रकट गरियो । साथै स्व. कृतिमान आलेप्रति शोक प्रकट गर्न मिति २०७८/११/१६ गते १ दिन गाउँ कार्यपालिकाको कार्यालय र अन्तर्गतका कार्यालयहरुमा एक दिन शोक विदा दिइएको हुँदा त्यसलाई अनुमोदन गर्ने निर्णय गरियो ।

४. वडा नं. ३ का वडाध्यक्ष कृतिमान आलेको असमायिक निधन भएकोले यस अघि देखि का.व. वडा अध्यक्षको रुपमा काम गर्दै आउनु भएको वडा नं. ३ का वडा सदस्य तथा कार्यपालिकाका सदस्य श्री याम माया गुरुङलाई का.वा. अध्यक्षको रुपमा काम गर्न तोक्ने अनुमोदन गर्ने र सम्बन्धित निकायमा जानकारी गराउने निर्णय गरियो ।

५. सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत गत आ.व. मा प्रथम किस्ता स्वरुप रु. ३०,०००/- (तिस हजार रुपैया) दिइएकोमा वडा कार्यालयले अनुगमन गरी प्राविधिक रिपोर्ट सहित गाउँ कार्यपालिकाको कार्यालयमा पठाए पछि दोस्रो किस्ता स्वरुप रु. २०,०००/- (बिस हजार रुपैया) उपलब्ध गराउने निर्णय गरियो ।

६. देवघाट गाउँपालिका क्षेत्रभित्रको सडकमा चल्ने यात्रुवाहक सार्वजनिक सवारी साधनको भाडा दर ट्राफिक प्रहरी कार्यालय र यातायात व्यवसायीसँग छलफल गरी तोक्ने र सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

७. वडा नं. ३ का वडा अध्यक्ष श्री कृतिमान आले भीरबाट लडेर मृत्यु भएको भन्ने सम्बन्धमा खोजतलास गर्ने क्रममा निज मिति २०७८/११/१५ मा मृत अवस्थामा फेला परेकोमा लास खोजतलास गर्दा पोष्टमार्टमको लागि दमौली लैजादा तथा दमौलीबाट लास सदगत गर्ने स्थान साराङघाट ल्याउने क्रममा खाजा, खाना, वास, गाडी भाडा लगायतको खर्च हुन गएकोले सो बापत एक मुष्ठ रु. १,००,०००/- (एक लाख रुपैया) नगद निजको परिवारलाई सहयोग स्वरुप भुक्तानी दिने निर्णय गरियो ।

८. देवघाट क्षेत्रका विभिन्न टोल वस्ती रातीको समय अध्याँरो भई दुर्घटना हुन सक्ने सम्भावना तथा धार्मिक क्षेत्र भएकोले तिर्थयात्री हिड्ने सडक पनि भएकोले टोलका संवेदनशिल सडक बाटो, चोकमा सडक बत्ति बाल्नको लागि विविध खर्च शिर्षकबाट रु. १,००,०००/- (एक लाख रुपैया मात्र) विनियोजन गर्ने र बल्व गाउँपालिकाले वडा कार्यालयको सिफारिसमा उपलब्ध गराउने जडान सम्बन्धित टोल आफैले गर्ने निर्णय गरियो ।

९. गाईघाट उकालो खण्ड पहिरो गई भत्किएको र गाडी पास हुन कठिन भएकोले उक्त स्थानमा इष्टिमेट अनुसारको रकममा ढुङ्गाको आधा उपभोक्ताले व्यहोर्ने र बाँकी गाउँपालिकाले व्यहोर्ने निर्णय गरियो ।

१०. ललितपुर – १४ हाल देवघाट गाउँपालिका वडा नं. ५, तनहुँ निवासी जीवेश रेग्मी (ना.प्र.प.नं. २५-०१-७७-०१९३५) लाई गाउँपालिकाबाट ईन्जिनियरिङ्ग विषय अध्ययन गर्ने छात्रवृत्तिमा मनोनयन गर्ने निर्णय गरियो । साथै छात्रवृत्तिको लागि श्री निवास भागवत वेदान्त पीठ नेपालबाट रु. ४०१०५९/- सहयोग प्राप्त भएकोले सोही रकम उपरोक्तानुसार जीवेश रेग्मीले अध्ययन गर्ने संस्थालाई भुक्तानी गर्ने निर्णय गरियो ।

दुर्गा बहादुर थापा
अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत